आज मिति २०८३ साल भाद्र महिनाको १७ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको वैठक यस गाउँपालिकाको अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

१. अध्यक्ष - श्री लोकेन्द्र वहादुर घले

२. उपाध्यक्ष - श्री मिङमार ढोमा लामा

३. सदस्य - श्री खडग जंग गुरुङ

४. सदस्य - श्री मंगल देव गुरुङ

५. सदस्य - श्री विनोद लामा

६. सदस्य - श्री लोप्साङ लामा

७. सदस्य - श्री कैले गुरुङ

८. सदस्य - श्री दो पाल्मा लामा

९. सदस्य - श्री कान्छी गुरुङ

१०. सदस्य - श्री नविना परियार

११. सदस्य - श्री गम माया गुरुङ

१२. सदस्य - श्री गणेश घले

१३. सदस्य - श्री फूर्पा फिन्जो घले

१४. सदस्य सचिव- श्री विना देवी शर्मा

अन्य उपस्थितिहरु :

१. नम नारायण मल्ल लेखा अधिकृत, चामे गाउँपालिका कार्यालय

२. गम कुमार श्रेष्ठ प्रशासकीय अधिकृत, चामे गाउँपालिकाको कार्यालय

३. सुरेश कुमार शर्मा प्रशासन सहायक, चामे गाउँपालिकाको कार्यालय

प्रस्तावहरु:

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा ।

२. रसुवा जिल्लामा आएको बाढी सम्बन्धमा ।

३. विधुतिय खरिद प्रणाली सम्बन्धमा ।

४. चामे गाउँपालिका भित्रका विधालयमा शिक्षक तालिम तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन सम्वन्धमा ।

५. विविध ।

निर्णयहरु :

१. चामे गाउँपालिकाको गाउँ कार्यपालिकाको यस अघि गरेका निर्णयहरुको कार्यान्वयन अवस्था विश्लेषण सहित समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ को सम्बन्धमा सम्वत २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तल्लो तटिय क्षेत्रमा आएको भिषण बाढीको सम्बन्धमा तपशिल बमोजिमको निर्णय गरियो ।

क) बाढीवाट भएको ठूलो धनजनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्ने, शोकसन्तब्द परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने तथा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

ख) यस विपदवाट भएको जनधनको क्षति पश्चात राहत तथा पुनःस्थापना कार्यमा चामे गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु.११,११,१११/- (अक्षरुपी एघार लाख एघार हजार एक सय एघार रुपैया मात्र) र गाउँपालिकाको सवै जनप्रतिनिधीहरुको ५ दिनको सेवा सुविधा कट्टा गरि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्ने निर्णय गरियो ।

३. विधुतिय खरिद प्रणाली (e-GP System) मा समस्या आई यस कार्यालयका २ वटा बोलपत्र समेत e-GP मा रहेकोले सोलाई रद्ध गरि नयाँ बोलपत्र समेत सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ को सूचनामा बुदा नं. २ अनुसार यस कार्यालयबाट प्रकाशन हुने बोलपत्र आशयपत्र र शिलबन्दी दरभाउपत्र हार्डकपी मार्फत गर्ने निर्णय गरियो ।

४. लोकप्रिय माध्यामिक विधालयमा शिक्षक तालिम तथा अभिभावक शिक्षा कार्यक्रम संचालनको लागी प्रस्तावना पेश भए अनुसार उक्त कार्यक्रम संचालनको लागी भैपरी आउने पूँजीगत शिर्षकमा रहेको वजेटवाट रु.३,००,००० विनियोजन गर्ने निर्णय गरियो ।

५. पारिश्रमीक सम्वन्धमा ।

यस पालिकामा करार सेवामा कार्यरत कार्यालय सहयोगी सुशिला गुरुङको पारिश्रमिक न्यून भएको हुनाले कार्यबोझको आधारमा निजलाई २०८३ श्रावण १ गतेदेखी लागु हुने गरि रु.२१,८५०/- कायम गर्ने निर्णय गरियो ।

६. विपद तथा स्वास्थ्य आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३ सम्बन्धमा ।

चामे गाउँपालिकाको विपद तथा स्वास्थ्य आपतकालिन अवस्था तथा पूर्वतयारी गर्ने कार्यको लागी विधायन समितिबाट तयार भई पेश भएको विपद तथा स्वास्थ्य आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३, स्वीकृत गर्ने निर्णय गरियो ।